# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०३

## मिति:२०८१।०५।२७

आज मिति २०८१ साल भाद्र २७ गते बिहिबारका दिन फाककोकथुम गाउँकार्यपालिकाको बैठक अध्यक्ष दिपेन्द्र खनाल ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसि निम्नानुसार निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २ | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३ | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४ | वडाध्यक्ष | श्री यामबहादुर खत्री पौडेल | |
| ५ | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६ | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७ | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८ | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९ | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १० | सदस्य | श्री कविता राई | |
| ११ | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२ | सदस्य | श्री देवी माया लामिछाने | |
| १३ | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४ | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५ | सदस्य | श्री रिता दर्जी | |
| १६ | सदस्य सचिव | श्री दिल कुमार लिम्बु | |
| १७. | आमन्त्रित | श्री गोविन्द प्र.लामिछाने | |

CamScanner

# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०३

## मिति: २०८१।०५।२७

---

**एजेण्डाहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा,
२. वार्षिक समीक्षा सम्बन्धमा।
३. आगामी ४, ५ र ६ गते सहयात्रा नेपालको आयोजनामा जलवायु सम्बन्धी तालिम सम्बन्धमा।
४. आर्थिक सहयोग सम्बन्धमा।
५. गाउँपालिकाको योजना सञ्चालन सम्बन्धमा
६. ठेक्काको लाइसेन्स दिने सम्बन्धमा।
७. वर्षाका कारणले बिग्रिएका सडकहरुको मर्मत सम्बन्धमा
८. प्रदेश र संघका योजनाहरु सम्बन्धमा।
९. आन्तरिक लेखा परीक्षण गर्ने सम्बन्धमा
१०. लेखा शाखामा कर्मचारी व्यवस्थापन सम्बन्धमा
११. मुटुरोगीको शिविर सञ्चालन सम्बन्धमा
१२. संविधान दिवस मनाउने सम्बन्धमा।
१३. जोनिङ कार्यक्रम सम्बन्धमा

**प्रस्ताव नं. १: अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा।**
**निर्णय:** उक्त प्रस्तावमाथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा साना सिचाईको बजेट सुनिश्चितता गर्ने सम्बन्धमा छलफल गरियो।

**प्रस्ताव नं. २: गाउँपालिकाको वार्षिक समीक्षाको सम्बन्धमा।**
**निर्णय:** उक्त प्रस्ताव माथि छलफल गर्दा मिति २०८१/०५/२६ गते सम्पन्न आव २०८०/०८१ को वार्षिक समीक्षाका सम्बन्धमा बजेट केन्द्रित मात्र समीक्षा भएको र आगामी वर्षदेखि उपलब्धी सहितको समीक्षा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: जनप्रतिनिधिहरुलाई जलवायु परिवर्तन सम्बन्धी तालिम सम्बन्धमा।**
**निर्णय नं:** उक्त प्रस्ताव माथि छलफल गर्दा आगामी असोज ४, ५ र ६ गते सहयात्रा नेपालको आयोजनामा जनप्रतिनिधि र विपद व्यवस्थापन शाखा प्रमुखलाई जलवायु परिवर्तन सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: आर्थिक सहयोग सम्बन्धमा।**
निर्णय: उक्त प्रस्ताव माथि छलफल गर्दा जेसिबी अपरेटर वीरबहादुर राईलाई क्यान्सर रोग लागेको हुनाले रु १ लाख, फाकफोकथुम वडा नं. १ का आगलागी पीडित सोम बहादुर तामाङलाई रु ५० हजार, फाकफोकथुम वडा नं. ४ की दुर्घटना पीडित (हात चुडिएको) सञ्जु मगरलाई रु ५० हजार र रेविज रोगको आशंका लागेको कुकुरले टोकेको पीडित परिवारलाई उपचार गराउँदा लागेको खर्चको बील अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।

# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०३

## मिति:२०८१।०५।२७

**प्रस्ताव नं. ५: गाउँपालिकाको योजना सञ्चालन सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँपालिकाको पशु अस्पतालको डिपिआर माथि ३० गते आइतबार र आमचोक रबी सडकको डिपिआर माथि असोज ४ गते शुक्रबार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्राविधिकबीच आवश्यक छलफल गरी दुवै योजनाको ठेक्का खोल्ने निर्णय गरियो। साथै संघीय विशेष अनुदानबाट वडा नं ३ मा सञ्चालन भइरहेको खानेपानी आयोजनाको उपभोक्ताबाट २० mm को ५० मि. पाइप, खानेपानी धारा-१ र मिटर-१ तथा मासिक शुल्क निर्धारण गाउँपालिकाले गरेबमोजिम हुने वडा नं. ३ ले आयोजना गरेको सर्वपक्षीय भेलाबाट सुझाव आएको हुँदा सोही अनुसार यसैवर्ष खानेपानी आयोजना सम्पन्न हुने गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६: ठेक्काको लाइसेन्स दिने सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा कार्यविधि अनुसार चेकजाँच गर्दा योग्यता पुगेमा **डिएसटीआइ निर्माण सेवा फाकफोकथुम** ४ लाई घ वर्गको ठेक्काको इजाजत पत्र दिने निर्णय गरियो।

**प्रस्ताव नं. ७: वर्षाका कारणले बिग्रिएका सडकहरुको मर्मत सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा वडा सिलिङका बजेट मध्य वर्षातका कारणले क्षतिग्रस्त सडकहरु मर्मत गर्ने योजनाहरु तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८: प्रदेश र संघका योजनाहरु सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा प्रदेश र संघका विषयगत कार्यालयमार्फत सञ्चालन हुने आयोजनाहरु जेठ १५ गतेभित्रमा सम्पन्न हुने गरी समन्वय गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९: आन्तरिक लेखा परीक्षण गर्ने सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा फाकफोकथुम गाउँपालिकाको आव २०८०/०८१ को आन्तरिक लेखा परीक्षण गर्नका लागि कोलेनिका इलामलाई पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०: लेखा शाखामा कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा लेखा शाखामा कर्मचारी आवश्यक भएको हुँदा व्यवस्थापनका लागि लेखा अधिकृत सरुवा भई आउने भएमा वा लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११: मुटुरोगीको शिविर सञ्चालन सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा मुटुरोगीको उपचार सम्बन्धमा शिविर सञ्चालन गर्न विपन्नका लागि स्वास्थ्य काठमाण्डौ नेपालको सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन गर्न उक्त संस्थालाई पत्राचार गर्ने निर्णय गरियो।

CS CamScanner

## दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०३
## मिति:२०८१।०५।२७

---

**प्रस्ताव नं. १२ : संविधान दिवस मनाउने सम्बन्धमा ।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा सम्पुर्ण वडाहरुले असोज ३ गते संविधान दिवस भव्य रुपमा मनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा फाकफोकथुम गाउँपालिका वडा नं. ६ निवासी तिलचन भट्टराई विगत लामो समयदेखि मुटुमा र हाडको समस्याका कारण बिरामी भई उपचारमा धेरै रकम आवश्यक पर्ने भएकोले आर्थिक सहयोग स्वरुप रु. ३०,०००। (अक्षेरपी तीस हजार मात्र) र फाकफोकथुम ३ निवासी अस्मिता कामी कुपोषण भई घरमै रहेकोमा प्रादेशिक अस्पताल भद्रपुर लैजाने र उपचारका लागि रु १०,०००। (दश हजार मात्र) रकम प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: जोनिङ कार्यक्रम सम्बन्धमा ।**

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिका भित्र बसोबास गरिरहेका अधिकांश कृषकहरुको प्रमुख व्यवसायनै पशुपालन गरी दुध विक्री गर्ने भएको हुँदा उक्त दुधबाट घ्यू, छुर्पी तयार गरी अन्तराष्ट्रिय बजारमा विक्री वितरण भइरहेकोमा हाल खोरेत रोग प्रमाणिकरण नभई बजारमा विक्री वितरण गर्न कठिन भईरहेकाले हाल इलाममा सञ्चालित खोरेत जोनिङ आयोजनामा यस फाकफोकथुम गाउँपालिकालाई पनि समावेश गर्न भनि पशुसेवा विभाग, उद्योग कृषि तथा सहकारी मन्त्रालय विराटनगरलाई अनुरोध गर्ने निर्णय गरियो ।